नेपालीमा आश्रयक व्यवस्था

डा. प्रेमप्रसाद चौलागाईं (उपप्रा.), नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौँ

Email : chaulagainprem999@gmail.com

ORC ID : https://orcid.org/0009-0004-2446-101X

लेखसार

प्रस्तुत शोधलेख नेपालीमा आश्रयक व्यवस्थाको विश्लेषणमा केन्द्रित छ । निगमनात्मक विधिको प्रयोग गरिएको यस लेखमा रूपान्तरण व्याकरणअन्तर्गतको आश्रयक व्यवस्थाका आधारमा नेपाली आश्रयक व्यवस्थाको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । रूपान्तरण व्याकरणअनुसार एकभन्दा बढी वाक्यको संयोजन हुँदा एउटा वाक्यलाई स्वतन्त्र वाक्यका रूपमा छोडी अन्य वाक्यलाई आश्रित बनाउने भाषिक एकाइ आश्रयक हुन् । एउटा स्वतन्त्र वाक्यलाई आश्रित बनाई तिनलाई नाप, विप, क्रिविप पदकोटिका रूपमा परिणत गराउने कार्य आश्रयकको हो । यसैले नेपालीमा आश्रयकको प्रयोगका आधारमा मिश्र वाक्यको व्याख्या, वर्गीकरण र विश्लेषण गर्न सकिन्छ । नेपालीमा आश्रयकको प्रयोगका आधारमा मिश्र वाक्यलाई बुहक्रियापदीय मिश्र वाक्य र एकक्रियापदीय मिश्र वाक्य गरी दुई प्रकारमा वर्गीकरण गर्नुपर्ने हुन्छ । बहुक्रियापदीय र एकक्रियापदीय दुवै किसिमका मिश्र वाक्यमा आश्रित वाक्यअन्तर्गत नाम आश्रित वाक्य, विशेषण आश्रित वाक्य र क्रियाविशेषण आश्रित वाक्य गरी तीन किसिमका आश्रित वाक्य रहन्छन् । आश्रयककै अर्थ र भूमिकाका आधारमा बहुक्रियापदीय र एकक्रियापदीय मिश्र वाक्यअन्तर्गत आएका नाम आश्रित वाक्यले कर्ता, कर्म र पूरकको प्रकार्य गर्दछन् भने विशेषण आश्रित वाक्यले भने कर्तृविशेषण, प्रत्यक्ष कर्म विशेषण, अप्रत्यक्ष कर्म विशेषण, कर्तृपूरक विशेषण र कर्मपूरक विशेषणको प्रकार्य गर्दछन् । क्रियाविशेषण आश्रित वाक्यले चाहिँ क्रियाविशेषणकै प्रकार्य गर्दछन् । बहुक्रियापदीय मिश्र वाक्यमा भन्ने, भनी, भने, कि, कि...यो, के..भने, जो...त्यो, जब...तब लगायतका आश्रयकको प्रयोग हुन्छ भने एकक्रियापदीय मिश्र वाक्यमा चाहिँ नु, न,ने एको, दो, दै, इन्जेल, उन्जेल लगायतका आश्रयक प्रयुक्त हुन्छन् । यो...कि, के ...भने जस्ता केही आश्रयक मुख्य वाक्यका क्रियाको अघि र पछि प्रयुक्त हुन्छन् । यो नेपाली आश्रयक व्यवस्थाको संरचनागत वैशिष्ट्य हो । यसरी नेपालीमा सापेक्ष संयोजक र कृत्प्रत्यय पनि आश्रयकका रूपमा प्रयुक्त हुने भएकाले आश्रयक व्यवस्थाका दृष्टिले नेपाली भाषा विशिष्ट छ भन्ने निष्कर्ष प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

शब्दकुञ्जी: आश्रयक, आश्रित, प्रकार्य, मिश्रण, सापेक्ष ।

Article's information : Manuscript received : 2025/06/02, Date of review : 2025/09/05, Date of manuscript acceptance 2025/11/28 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar

DOI : https://doi.org/10.3126/vaikharivani.v3i1.87430

Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2026 @ Vaikharivani

This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

विषयपरिचय

वर्ण, रूप, शब्द, पद, पदावली, वाक्य आदि एकाइको व्यवस्थित संयोजन भाषा हो । यसैले भाषाका प्रत्येक एकाइमा व्यवस्था हुन्छ र ती एकाइको व्यवस्थित संयोजन हुँदा माथिल्ला एकाइको निर्माण हुन्छ । यसरी भाषाका तल्ला एकाइको व्यवस्थित रूपमा संयोजन हुँदा माथिल्लो एकाइको निर्माण हुने भएकाले भाषालाई व्यवस्थाको पनि व्यवस्था भनिएको हो । यस्तै भाषिक एकाइको व्यवस्थित संयोजनमा महत्त्वपूर्ण भूमिका निर्वहन गर्ने भाषिक एकाइ आश्रयक हो । एकभन्दा बढी वाक्यलाई जोडी मिश्र वाक्यको निर्माण गर्ने भएकाले आश्रयकलाई परम्परागत व्याकरणमा सापेक्ष संयोजक भनिएको पाइन्छ । परम्परागत व्याकरणमा चर्चा गरिएका सापेक्ष संयोजकअन्तर्गत सबै एकाइ आश्रयकअन्तर्गत नसमेटिने भएकाले 'आश्रयक' शब्दकै प्रयोग गरी यसको अध्ययन गर्ने व्यक्ति भने अभ्राम

नोम चम्स्की (जन्म, सन् १९२८) हुन् । उनले वाक्यात्मक संरचनाको विश्लेषण गर्दा पहिले नाप तथा क्रिपको मात्र चर्चा गरेका थिए । सन् १९७३ पछि रूपान्तरण व्याकरणलाई आधुनिक एवम् परिमार्जित बनाउँदै लग्ने सन्दर्भमा पदावलीको व्याख्या एवम् विश्लेषणअन्तर्गत नै चम्स्कीले आश्रयकको चर्चा गरेका छन् । रूपान्तरण व्याकरणका अनुसार आश्रयक एकभन्दा बढी वाक्यलाई व्यवस्थित रूपमा मिश्रण गर्न प्रयोग हुने भाषिक एकाइ हो । यसले एकभन्दा बढी वाक्यलाई जोड्दा एउटा वाक्यलाई स्वतन्त्र छाडी अन्य वाक्यलाई आश्रित बनाउने भएकाले चम्स्कीले यसलाई कम्प्लिमेन्टाइजर (Complmentizer) भनेका हुन् । आश्रयकले जोडेका वाक्यहरू संरचनाका तहमा वाक्यका रूपमा रहे पनि यिनले पदकोटिको प्रकार्य गरेका हुन्छन् । यसैले आश्रयकले नेपाली भाषालाई व्यवस्थित बनाउने कार्यमा केकस्तो भूमिका निर्वहन गरेका छन् भन्ने विषयको अध्ययन गर्नु वाञ्छनीय देखिन्छ ।

रूपान्तरण व्याकरणकै आधारमा नेपालीका केही आश्रयकको चर्चा गौतम (२०५३) र चौलागाईं (२०६८) मा भए पनि नेपाली आश्रयक व्यवस्थाको समग्र विश्लेषण हुन सकेको छैन । यही शोधरिक्तताको परिपूर्ति गर्ने उद्देश्य लिएको प्रस्तुत लेख नेपाली वाक्यको संयोजनमा संयोजनमा केकस्ता आश्रयक प्रयुक्त हुन्छन् र तिनले केकस्तो प्रकार्य गर्छन् भन्ने प्राज्ञिक समस्याको समाधानमा केन्द्रित छ ।

अध्ययनविधि

गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका लागि पुस्तकालयको उपयोग गरिएको छ । यस अनुसन्धानमा प्राथमिक सामग्री भनेका नेपालीका वाक्य हुन् भने द्वितीयक सामग्रीअन्तर्गत रूपान्तरण व्याकरणको आश्रयक व्यवस्थासँग सम्बद्ध सामग्री रहेका छन् । यस लेखमा नेपाली मातृभाषीको बोध र ज्ञानलाई अभिव्यक्त गर्ने खालका व्याकरणसम्मत मानक वाक्यात्मक संरचनालाई सामग्रीका रूपमा लिइएको छ । शोधार्थी स्वयम् नेपाली मातृभाषी भएकाले शोधार्थीको भाषिक ज्ञान र बोधका आधारमा प्रयोगसम्मत देखिएका वाक्यात्मक संरचनाहरूलाई पनि सामग्रीका रूपमा उपयोग गरिएको छ । सैद्धान्तिक आधारको व्याख्या गर्ने क्रममा चाहिँ अङ्ग्रेजीका वाक्यलाई पनि सामग्रीका रूपमा उपयोग गरिएको छ । नेपाली भाषाको प्रकृति विशिष्ट भएकाले उपर्युक्त सिद्धान्तले नेपाली वाक्यात्मक संरचनाको व्याख्या गर्न नसकेका ठाउँमा सिद्धान्तको पुनर्निर्माण पनि गरिएको छ । सोही पुनर्निर्मित सिद्धान्तका आधारमा नेपाली आश्रयक व्यवस्थाको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

आश्रयक व्यवस्था

आश्रयक व्यवस्था रूपान्तरण व्याकरणको सैद्धान्तिक अवधारणा हो । आश्रयक व्यवस्थाले वाक्यमा प्रयोग हुने आश्रककको स्थान, संरचना, वाक्यात्मक संरचनामा तिनको भूमिका र प्रकार्यको विश्लेषण गर्ने सैद्धान्तिक आधार प्रदान गरेको छ । परम्परागत व्याकरणमा सापेक्ष संयोजकको रूपमा आश्रयकको चर्चा पहिलेदेखि नै भए पनि आश्रयक शब्दकै प्रयोग गरी यसको अध्ययन गर्ने व्यक्ति भने अभ्राम नोम चम्स्की हुन् । उनले वाक्यात्मक संरचनाको विश्लेषण गर्दा पहिले नाप तथा क्रिपको मात्र चर्चा गरेका थिए । सन् १९७३ पछि रूपान्तरण व्याकरणलाई आधुनिक एवम् परिमार्जित बनाउँदै लग्ने सन्दर्भमा पदावलीको व्याख्या एवम् विश्लेषणअन्तर्गत नै चम्स्कीले आश्रयकको चर्चा गरेका छन् ।

चम्की (सन् १९७३, पृ.२७१) का अनुसार आधारभूत वाक्यका अगाडि वा पछाडि आश्रयक थपेर उक्त वाक्यलाई लम्ब्याउन सकिन्छ । आश्रयकको स्वतन्त्र अर्थ हुँदैन । यसर्थ आफ्नो स्वतन्त्र अर्थ नभए पनि एउटा वाक्यलाई अर्को वाक्यको आश्रित बनाउन प्रयोग हुने पद आश्रयक हुन् । अङ्ग्रेजीको कम्प्लिमेन्टाइजर शब्दले दिने अर्थ पनि यही हो । यिनै आश्रयकका आधारमा मिश्र वाक्यमा आउने अधीन वाक्यलाई आश्रित वाक्य भनिएको हो । आश्रयकहरू आश्रित वाक्यको शीर्षका रूपमा प्रयोग हुने भएकाले यिनले सम्पन्न गर्ने कार्य नै समग्र आश्रित वाक्यको कार्यका रूपमा रहेको हुन्छ । यसर्थ आश्रित वाक्य संरचनात्मक स्तरमा वाक्यका तहमा रहे पनि प्रकार्यात्मक

स्तरमा पदकोटिका रूपमा रहेका हुन्छन् । आधारभूत वाक्यका अघि वा पछि आश्रयक थपेर वाक्यलाई लामो बनाउँदा सुरुको वाक्य आश्रित वा अधीन वाक्यमा परिवर्तित हुन्छ, जस्तै :

१. I think [$\overline{\text{वा}}$ [आश्रयक [वा he will come] ⇒

२. I think [$\overline{\text{वा}}$ [that [वा he will come]

३. I don’t know [$\overline{\text{वा}}$ [आश्रयक [वा he’ll agree.] ⇒

४. I don’t know [$\overline{\text{वा}}$ [whether [वा he’ll agree.]

माथिका उदाहरणमा वाक्य १. मा रहेको आश्रयकका स्थानमा that र वाक्य ३. को आश्रयक स्थानमा whether स्थानापन्न भएर वाक्य २. र ४. बनेका छन् । यसैले रूपान्तरण व्याकरणअनुसार वाक्यलाई जोड्ने भाषिक घटक आश्रयक हुन् भन्ने स्पष्ट हुन्छ । आश्रयकसहितको वाक्य (वा) लाई $\overline{\text{वा}}$ द्वारा चिनाइन्छ ।

रूपान्तरण व्याकरणका अनुसार आश्रयक शाखाको स्थान भाषाविशेषमा फरक फरक किसिमले रहेको छ । चम्स्की (सन् १९७३, पृ.२७२) ले आश्रयक शाखाको स्थान वाक्यादि मानेका छन् । अङ्ग्रेजीका सन्दर्भमा यो ठिक छ । आश्रयक शीर्षका रूपमा आउने भएकाले, अङ्ग्रेजी शीर्षादि भाषा भएकाले र आश्रयक पनि शीर्षका रूपमा रहेकाले अङ्ग्रेजीमा आश्रयकको स्थान वाक्यादि अर्थात् वाक्यको बायाँ नै हो भन्ने देखिन्छ । माथिका १–४ उदाहरणबाट यो तथ्य स्पष्ट भएको छ । यस्तै अङ्ग्रेजीमा बाह्य संरचनामा जस्तै आन्तरिक संरचनामा पनि आश्रयकको स्थान वाक्यादि रहेको कुरा निम्नलिखित आरेखबाट स्पष्ट हुन्छ :

आरेख १ : वाक्यको आन्तरिक संरचनामा आश्रयकको स्थान



प्रस्तुत वृक्षारेखमा अङ्ग्रेजीमा आश्रयक ‘that’ वाक्यादिमा रहेको छ । नेपाली शीर्षान्त भाषा भएकाले नेपालीमा आश्रयकको स्थान भने निम्नानुसार हुने देखिन्छः

५. म राम परिश्रम गर्छ भन्ने ठान्दछु ।

प्रस्तुत वाक्यमा प्रयुक्त आश्रयकलाई आरेखबाट निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

आरेख २ : नेपाली वाक्यमा आश्रयकको स्थान



प्रस्तुत वृक्षारेखमा रहेको 'भन्ने' आश्रयक 'राम परिश्रम गर्छ' आश्रित वाक्यको शीर्ष भएकाले र नेपाली शीर्षान्त भाषा भएकाले यसको प्रयोग अन्त्यमा भएको छ। यस आश्रयकले समग्र वाक्यात्मक संरचनामा कर्मस्थानिक नामको प्रकार्य गरेकाले आश्रित वाक्यले पनि कर्मकै प्रकार्य गरेको छ।

आश्रयक शाखामा आउने घटक र तिनको कार्य

आश्रयक शाखामा आउने घटकहरू भाषाविशेषमा फरक फरक देखिन्छन्। कुलिकोभर (सन् १९७६, पृ. २३३) का अनुसार अङ्ग्रेजीमा आश्रयक शाखामा आउने घटकहरू that, before / than, if आदि हुन्। एउटा आधार वाक्यलाई अर्को आधार वाक्यको आश्रित तुल्याउनु आश्रयकको प्रमुख काम हो, जस्तै :

तालिका १ : वाक्यात्मक संरचनामा आश्रयकको स्थान र कार्य

वाक्य	आश्रयक	कार्य
(क) I believe that she is honest	that	–आश्रित वाक्यलाई मुख्य वाक्यसँग संयोजन गर्नु – कर्मस्थानिक नामको प्रकार्य गरेकाले आश्रित वाक्यलाई पनि सोही भूमिका प्रदान गर्नु
(ख) I wonder if she came.	if	–आश्रित वाक्यलाई मुख्य वाक्यसँग संयोजन गर्नु –कर्मस्थानिक नामको प्रकार्य गरेकाले आश्रित वाक्यलाई पनि सोही भूमिका प्रदान गर्नु
(ग) He finished the project before the deadline ended	before	–आश्रित वाक्यलाई मुख्य वाक्यसँग संयोजन गर्नु –क्रियाविशेषणको प्रकार्य गरेकाले आश्रित वाक्यलाई पनि सोही भूमिका प्रदान गर्नु
(घ) She is more confident than she used to be.	than	–आश्रित वाक्यलाई मुख्य वाक्यसँग संयोजन गर्नु –क्रियाविशेषणको प्रकार्य गरेकाले आश्रित वाक्यलाई पनि सोही भूमिका प्रदान गर्नु

तालिकमा आएका वाक्यमा that, if, before / than ले शीर्षको काम गरेका छन्। यसैले शीर्षक आश्रयकसहितका आश्रित वाक्यले पदकोटिको काम गरेका छन्। आश्रित वाक्य प्रकार्यात्मक तहमा पदकोटिका रूपमा रहने भएकाले यसअन्तर्गतका कुनै एक दुई घटक अन्यत्र सञ्चलित हुन सक्दैनन् तर WH शब्द चाहिँ सञ्चलन नियम लागी अग्रीकृत हुँदा आश्रयक शाखामा आउँदछन्। यसैले WH शब्द प्रयोग भएका ठाउँमा अन्य आश्रयकको प्रयोग हुँदैन। नेपालीमा भने WH शब्द सञ्चलन नियम लागु हुँदैन, जस्तै :

६. (क) I know [वा̄ [आश्रयक [वा he wants what.] ⟹

६. (ख) I know [वा̄ [**what** [वा he wants.]

७. (क) Tell me [वा̄ [आश्रयक [वा she lives where] ⟹

७. (ख) Tell me [वा̄ [**where** [jf she lives.

८. (क) मैले वा̄ [श्याम के चाहन्छ] आश्रयक] थाहा पाएँ। ⟹

८. (ख) मैले वा̄ [श्याम के चाहन्छ] **भन्ने**]] थाहा पाएँ।

उदाहरण ६–७ (क) मा अङ्ग्रेजी वाक्यमा WH शब्द सञ्चलन नियम लागी अग्रीकृत भएर आश्रयक शाखामा स्थानापन्न हुँदा ६–७ (ख) वाक्य बनेका छन् तर नेपालीमा 'के' शब्द आफ्नै स्थानमा रहेको छ। यसैले आश्रयक स्थानमा चाहिँ 'भन्ने' आश्रयक स्थापन भएको छ। एउटा वाक्यलाई अर्को वाक्यमाथि आश्रित गराउन

आश्रयक आउने हुँदा कहिलेकाहीँ एउटा वाक्य अर्कोको अधीनमा रहेको तर आश्रयक अवार्णिक रूपमा रहेको पनि हुन सक्छ; जस्तैः

९. I think **Ø** he is right.

१०. श्यामले म आउँदिन **Ø** भन्यो ।

उदाहरण ९–मा अङ्ग्रेजी वाक्यमा र १०.मा नेपाली वाक्यमा आश्रयक अवार्णिक रूपमा रहेको कुरा **Ø** सङ्केतले जनाएको छ । आश्रयक भाषाविशेषमा फरक फरक हुन्छन् । नेपालीमा आश्रयक शाखामा आउने घटकहरू भन्ने, कि, के...भने, यो...कि हुन्, जस्तै :

११**. सधैँ मिहिनेत गर्छु भन्ने** व्यक्ति नै सफल हुन्छ । आश्रयक – भन्ने

१२. सबै विद्यार्थीले भने **कि उनीहरू सबै सफल भए** । आश्रयक– कि

१३. मैले उसलाई **यो** भनेँ **कि श्याम आउँदैन** । आश्रयक– यो...कि ।

१४. मैले हरिलाई **के** भनेँ **भने हरि भोलि विद्यालय आउँदैन** । आश्रयक– के ...भने

माथिका उदाहरणमा आएका भन्ने, कि, यो ..कि, के ...भने ले आश्रयकको काम गरेका छन् । माथिका उदाहरणमा यो...कि, र के ...भने आश्रयक मुख्य वाक्यका क्रियाको अघि र पछि प्रयुक्त भएका छन् । यो नेपाली आश्रयक व्यवस्थाको संरचनागत वैशिष्ट्य हो । नेपालीमा उपर्युक्त आश्रयकबाहेक कृत्प्रत्ययले पनि वाक्य मिश्रण गरेर आश्रित वाक्य बनाउने कार्य गरेका हुन्छन्, जस्तै :

१५. **बिहान डुल्नु** स्वास्थ्यका लागि राम्रो हो । आश्रयक – नु

१६. **म बसेको** घर यही हो । आश्रयक – एको

१७. मैले उसलाई सबै साथीलाई बोलाउन भनेँ । आश्रयक – न

१८. राम **घर गएर** आयो । आश्रयक – एर

उदाहरण १५–१८ का श्यामाङ्कित अंश पनि आश्रित वाक्य हुन् । कृत्प्रत्ययले संयोजन गरेर कृदन्तीकृत बनेकाले यिनलाई कृदन्तीकृत आश्रित वाक्य भन्नुपर्छ । यी उदारहण 'नु' ले नाम 'एको' ले विशेषण तथा 'न' र 'एर' ले क्रियाविशेषण अर्थको सङ्केत गर्ने भएकाले यी आश्रयक लागेका आश्रित वाक्यले पनि क्रमशः नाम, विशेषण र क्रियाविशेषणको प्रकार्य गरेका छन् । १५–१८ का वाक्यहरूको कृत्प्रत्ययले संयोजन गर्नुपूर्वको स्थितिलाई निम्नलिखितअनुसार प्रस्तुत गर्न सकिन्छ :

१९. (क) बिहान डुलौँ । (ख) यो स्वास्थ्यका लागि राम्रो हो ।

२०. (क) तिमी सबै साथीलाई बोलाऊ । (ख) मैले उसलाई भनेँ ।

२१. (क) म घरमा बस्छु । (ख) घर यही हो ।

२२. (क) राम घर गयो । (ख) राम आयो ।

कृत्प्रत्ययले संयोजन गरेर उक्त आश्रित वाक्यहरू कृदन्तीकृत आश्रित वाक्य बनेका छन् । माथिका प्रत्येक वाक्यमा बाहिरी स्तरमा एउटा क्रियापद र एउटा कृदन्त शब्दको प्रयोग भए तापनि आन्तरिक स्तरमा ती फरक फरक वाक्य भएकाले मिश्र वाक्य नै हुन् । सरल वाक्यहरू कृदन्तीकरण प्रक्रियाबाट आश्रित वाक्यको क्रियापद कृदन्त शब्दमा परिणत भएको मात्र हो । क्रियापदयुक्त आश्रित वाक्य र कृदन्तीकृत दुवै आश्रित वाक्यले पदकोटिकै प्रकार्य गर्ने भएकाले नेपालीमा कृत्प्रत्यलाई पनि आश्रयकका रूपमा लिनुपर्ने भएको हो ।

नेपालीमा आश्रयक व्यवस्था

सैद्धान्तिक खण्डमा उल्लेख भएअनुसार नेपालीमा मिश्र वाक्यमा मात्र आश्रयकको प्रयोग हुन्छ । नेपालीका मिश्र वाक्यमा आश्रयकको प्रयोग निम्नानुसार भएको पाइन्छ :

आरेख ३. नेपाली वाक्यको संरचना र आश्रयक



माथिको आरेखअनुसार नेपालीका मिश्र वाक्यअन्तर्गत दुईओटा वाक्य हुन्छन् । ती दुई वाक्यमध्ये पहिलो वाक्यले नाप, विप वा क्रिविपको कार्य गर्दछ । वा२अन्तर्गत कोष्ठमा राखिएका सूचनाले यही सङ्केत गरेका छन् । यसैले मिश्र वाक्यमा एउटा वाक्य संरचना र प्रकार्य दुवै दृष्टिले वाक्य नै हुन्छ भने अर्को वाक्य संरचनाका दृष्टिले वाक्य हुन्छ भने प्रकार्यका दृष्टिले पद वा पदावली हुन्छ । संचना र प्रकार्य दुवै दृष्टिले वाक्य मुख्य वाक्य हो । यसैले यसलाई वा१ को संज्ञा दिइएको छ । संरचनाका दृष्टिले वाक्य भए पनि प्रकार्यका दृष्टिले पदकोटिका रूपमा रहने वाक्य चाहिँ आश्रित वाक्य हो । यसले मुख्य वाक्यको नाम, विशेषण वा क्रियाविशेषणको कार्य गर्दछ । मुख्य वाक्यसँग आश्रित भएर मुख्य वाक्यकै पदकोटिको कार्य गर्ने भएकाले यी वाक्यलाई आश्रित वाक्य भनिएको हो । कोष्ठमा दिइएका क्रिविप, विप र नापले यही तथ्य सङ्केत गरेका छन् । यी दुई वाक्यलाई संयोजन गर्न आश्रयक रहन्छन् भन्ने कुरा आश्रित वाक्यसँग रहेको आश्रयकको रेखाले स्पष्ट पारेको छ । मिश्र वाक्यअन्तर्गत मुख्य वाक्य एउटै मात्र हुन्छ भने आश्रित वाक्य चाहिँ एक वा सोभन्दा बढी हुन सक्छन् । एउटा मुख्य वाक्य र एउटा आश्रित वाक्य भएका तलका वाक्यहरू मिश्र वाक्य हुन् । यसैले नेपालीमा स्वतन्त्र वाक्यलाई आश्रित वाक्यमा परिवर्तन गर्ने घटक नै आश्रयक हुन् भन्ने स्पष्ट हुन् । नेपाली शीर्षान्त भाषा भएकाले आश्रयकको प्रयोग आश्रित वाक्यको अन्त्यमा हुन्छ, जस्तै :

२३. **सुख सबैको चाहना हो भन्ने** स्पष्ट छ । आश्रयक – भन्ने

२४. **म मात्र खाऊँ**ले मानिसलाई अधोनतितर्फ धकेल्छ । आश्रयक – φ

२५. **जो मिहिनेती छ** त्यो सफल हुन्छ । आश्रयक – जो...त्यो

२६. **घाम डुब्यो भने** साँझ पर्छ । आश्रयक – भने

२७. **जब सांसद पद रिक्त भयो** तब उपनिर्वाचन भयो । आश्रयक – जब...तब

उदाहरण २३–२७ का श्यामाङ्कित अंश आश्रित वाक्य हुन् । आश्रयकलाई भन्ने, जो..त्यो, भने, जब...तब ले जोडेका छन् । यी वाक्यमा आश्रयक कतै अघि कतै बिचमा आए पनि आश्रित वाक्यसँग सम्बन्धित भएर आएका छन् । उदाहरण २४. मा आश्रयकको प्रयोग भएको छैन । आश्रित वाक्यहरू संरचनाका दृष्टिले वाक्यका रूपमा रहे पनि प्रकार्यका दृष्टिले पदकोटिका रूपमा छन् । उदाहरण २३–२४.का आश्रित वाक्यले उद्देश्य नापको प्रकार्य गरेका छन् भने उदाहरण २५–को आश्रित वाक्यले विशेषणको र उदाहरण २६–२७.का आश्रित वाक्यले क्रियाविशेषणको प्रकार्य गरेका छन् । कतिपय वाक्यमा आश्रयकको कोशीय आश्रयकको अभाव हुँदा अल्पविरामले पनि आश्रयकको कार्य गरेका हुन्छन्, जस्तै :

२८. **गोपालले बिहे गरेको छैन**, सत्य हो । आश्रयक –φ

२९. **श्याम भोलि घर जान्छ**, निश्चित छ । आश्रयक –φ

उदाहरण २८–२९.का श्यामाङ्कित अंश आश्रित वाक्य हुन् । यिनलाई मुख्य वाक्यसँग मिश्रण गर्न अल्पविरामको प्रयोग भएको छ । सैद्धान्तिक खण्डमा उल्लेख भएअनुसार नेपालीमा उपर्युक्त आश्रयकबाहेक कृत्प्रत्ययले पनि वाक्य मिश्रणको कार्य गरेका हुन्छन्, जस्तै :

३०. **नियमित व्यायाम गर्नु** स्वास्थ्यका लागि राम्रो हो। आश्रयक – नु

३१. मैले श्यामलाई **गृहकार्य चाँडै सिध्याउन** भनेँ। आश्रयक – न

उदाहरण ३०–३१ का श्यामाङ्कित अंश पनि आश्रित वाक्य हुन् । कृत्प्रत्ययले संयोजन गरेर कृदन्तीकृत बनेकाले यिनलाई कृदन्तीकृत आश्रित वाक्य भन्नुपर्छ । आश्रयक 'नु' ले नामिक अर्थ र 'न'ले क्रियाविशेषण अर्थको सङ्केत गर्ने भएकाले यी आश्रयक लागेका 'नियमित व्यायाम गर्नु' कृदन्तीकृत आश्रित वाक्यले नामको र 'गृहकार्य चाँडै सिध्याउन' आश्रित वाक्यले क्रियाविशेषणको प्रकार्य गरेका छन् ।

माथिका वाक्यको संरचना हेर्दा नेपालीमा कतिपय मिश्र वाक्यमा दुईओटा क्रियापदको प्रयोग भएको छ भने कतिपयमा एउटै क्रियापदको प्रयोग भएको छ । कृदन्त शब्द लागेका पनि मिश्र वाक्य हुन् । परम्परागत व्याकरणमा यस्ता वाक्यलाई सरल वाक्य मानिए पनि बन्धु (१९७८), शर्मा (२०३६), गौतम (२०५३) र पोखरेल (२०५४) मा मिश्र वाक्य मानिएको छ । नेपालीका यस्ता कृदन्त शब्दले वाक्यात्मक अवधारणा वहन गर्ने भएकाले मिश्र वाक्य मान्नु नै उपयुक्त हुन्छ । यस्ता कृदन्तीकृत आश्रित वाक्यले पनि अन्य आश्रित वाक्यले झै नाम, विशेषण र क्रियाविशेषणको प्रकार्य गर्दछन्, जस्तै :

३२. **बिहान सधैँ घुम्नु** लाभदायक छ । आश्रयक – नु

३३. **समयमै गृहकार्य गर्नु** राम्रा विद्यार्थीको लक्षण हो। आश्रयक – नु

३४. **बल्दो** आगोमा घिउ किन खन्याउँछौ ? आश्रयक – दो

३५. **बल्झेको** घाउले दुख दियो । आश्रयक – एको

३६. मैले **हरिले लेखेको** चिठी पढेँ । आश्रयक – एको

३७. मैले **देवकोटाले लेखेको** मुनामदन पढेको छु । आश्रयक – एको

३८. म **विद्यालय गएर** घर फर्केँ। आश्रयक – एर

३९. म **सामान किन्न** बजार गएँ। आश्रयक – न

४०. श्यामले **गीत गाउँदै** गृहकार्य गऱ्यो। आश्रयक – दै

४१. हरि **घुम्न** पोखरा गयो। आश्रयक – न

४२. **बहिनी विद्यालयमा रहुन्जेल** म घरमै बस्छु। आश्रयक – उन्जेल

उदाहरण ३२–४२.मा आएका मुख्य वाक्यमा क्रियापदको प्रयोग भएको छ भने आश्रित वाक्य चाहिँ कृदन्तीकृत भएका छन् । कोष्ठमा दिइएका वाक्यहरू कृदन्तीकृत आश्रित वाक्य हुन् । यी मिश्र वाक्यमा एउटा मात्र क्रियापदको प्रयोग भएकाले यिनलाई एकक्रियापदीय मिश्रवाक्य भन्नुपर्ने हुन्छ । यसैले यस्ता वाक्यमा कृदन्त शब्दले गर्ने कार्य नै आश्रित वाक्यले गर्ने कार्य हो । माथिका उदाहरण ३२.–३३ मा घुम्नु र गर्नु कृदन्त नामको प्रयोग भएकाले आश्रित वाक्यले नामको कार्य गरेका छन् । ३४–३७. मा बल्दो, बल्झेको, लेखेको, दिएको जस्ता कृदन्त विशेषण प्रयोग भएकाले आश्रित वाक्यले विशेषणको कार्य गरेका छन् र ३८–४२ मा गएर, किन्न, गाउँदै, रहुन्जेल कृदन्त क्रियाविशेषणको प्रयोग भएकाले आश्रित वाक्यले क्रियाविशेषणको कार्य गरेका छन् । एकक्रियापदीय मिश्र वाक्यअन्तर्गत आउने कृदन्तीकृत आश्रित वाक्यको कार्य एउटा कृदन्त शब्दले मात्र पनि गर्न सक्छ । माथिका उदाहरणमा प्रयुक्त 'बल्दो आगोमा घिउ किन खन्याउँछौ ?' र 'बल्झेको घाउले दुःख दियो ।' वाक्यमा आएका 'बल्दो' र 'बल्झेको' कृदन्त शब्दले आश्रित वाक्यको कार्य गरेका छन् । माथिका उदाहरण २३–२९. का मिश्र वाक्यमा दुईओटा क्रियापदको प्रयोग भएको छ । उदाहरण ३०–४२ का आश्रित वाक्यको क्रियापद चाहिँ कृदन्त शब्दमा परिणत भएकाले र मुख्य वाक्यको क्रियापद मात्र रहेकाले उक्त मिश्र वाक्यमा एउटा मात्र क्रियापदको प्रयोग भएको छ । यसैले नेपालीमा बाह्य संरचनाका तहमा दुई वा सोभन्दा बढी क्रियापद भएका वाक्यलाई बहुक्रियापदीय मिश्र वाक्य भन्नुपर्ने हुन्छ एउटा मात्र क्रियापद भएको वाक्यलाई एकक्रियापदीय मिश्र वाक्य भन्नुपर्ने हुन्छ । यसैले आश्रयकका आधारमा पनि नेपालीमा मिश्र वाक्यको विश्लेषण गर्नुपर्छ भन्ने स्पष्ट हुन्छ ।

आश्रयकको प्रयोगका आधारमा नेपाली मिश्र वाक्यका प्रकारहरू

आश्रयकको प्रयोग मिश्र वाक्यमा मात्र हुने तथ्य माथिका उदाहरणबाट स्पष्ट भइसकेको छ । नेपालीमा आश्रयकको प्रयोगका आधारमा मिश्र वाक्यलाई बुहक्रियापदीय मिश्र वाक्य र एकक्रियापदीय मिश्र वाक्य गरी दुई प्रकारमा वर्गीकरण गर्नुपर्ने हुन्छ :

बहुक्रियापदीय मिश्र वाक्यमा आश्रयकको प्रयोग

दुई वा सोभन्दा बढी क्रियापद प्रयोग भएका वाक्यहरू बहुक्रियापदीय मिश्रवाक्य हुन् । यस्ता मिश्र वाक्यमा मुख्य वाक्य र आश्रित वाक्य दुवैमा क्रियापदको प्रयोग भएको हुन्छ, यी दुवै वाक्यलाई जोड्ने काम आश्रयकले गरेका हुन्छन्, जस्तै : ४३**. मैले उसलाई साँच्चिकै बदमास हो भन्ने** ठहऱ्याएँ । आश्रयक–भन्ने

४४**. म घर जाउँ कि** रामले भन्यो । आश्रयक–कि

४५. **जब वर्षा लाग्यो तब** बाटो हिलो भयो । आश्रयक–जब...तब

उदाहरण ४३–४५. मा एउटा मुख्य वाक्य र एउटा आश्रित वाक्य आएकाले यी मिश्र वाक्य हुन् । दुवै वाक्यमा क्रियापदको प्रयोग भएकाले यी बहुक्रियापदीय मिश्र वाक्य हुन् । बहुक्रियापदीय मिश्र वाक्यमा आश्रित वाक्यले पदकोटिको कार्य गर्ने भएकाले र नेपाली शीर्षान्त भाषा भएकाले आश्रित वाक्यहरू मुख्य वाक्यभन्दा अघि अर्थात् बायाँतिर आउँछन् तर कतिपय सन्दर्भमा स्थानान्तरित भएर दायाँ पनि जान सक्छन् । क्रियापदावलीअन्तर्गत कर्मको प्रकार्य गर्ने आश्रित वाक्य भने क्रियाको बायाँतिर आउँछ । क्रियापदावलीको शीर्ष क्रियापद भएकाले कर्मको प्रकार्य गर्ने क्रियापदको बायाँतिर आएको हो । यसैले यस्तो वाक्य समग्र मिश्र वाक्यको मध्यवर्ती भएर प्रयुक्त हुन्छ । यसर्थ आश्रित वाक्यहरू मिश्र वाक्यको प्रारम्भ, मध्य र अन्त्य तीनै स्थानमा प्रयुक्त हुन्छन्, जस्तै :

४६. **जो पढाइमा मिहिनेत गर्छ त्यो** परीक्षामा प्रथम हुन्छ । (प्रारम्भमा)

४७. श्यामले **म आज गीत गाउँदिनँ कि** भन्यो । (मध्यमा)

४८. त्यहाँ विद्यार्थी छैनन् **जहाँ विद्यालय छैन** । (अन्त्यमा)

उदाहरण ४६.मा वाक्यको प्रारम्भमा आएको आश्रित वाक्यले विशेषणको कार्य गर्ने 'जो' आश्रयक लिएकाले विशेषणको कार्य गरेको छ भने उदाहरण ४७. मा वाक्यको मध्यवर्ती स्थलमा आएको आश्रित वाक्यले 'कि' आश्रयक लागेकाले नामको र ४८. मा आएको आश्रित वाक्यले 'जहाँ' आश्रयक लिएकाले क्रियाविशेषणको कार्य गरेका छन् । यसर्थ बहुक्रियापदीय मिश्रवाक्यअन्तर्गत आउने आश्रित वाक्यले नाम, विशेषण र क्रियाविशेषणको कार्य गर्दछन् । आश्रयकको प्रयोगका आधारमा बहुक्रियापदीय मिश्र वाक्यमा आउने आश्रित वाक्यहरू यस प्रकारका छन् :

नाम आश्रित वाक्यमा आश्रयक

नेपालीमा बहुक्रियापदीय मिश्र वाक्यमा आएका नाम आश्रित वाक्यले आश्रयकले सङ्केत गरेअनुसार मुख्य वाक्यको कर्ता, कर्म र पूरकको कार्य गर्दछन् ।

कर्तृप्रकार्यक नाम आश्रित वाक्य

बहुक्रियापदीय मिश्र वाक्यमा आएका नाम आश्रित वाक्यले मुख्य वाक्यको कर्ता (उद्देश्य) का रूपमा काम गर्दछ, जस्तै :

४९**. गोपालले बिहे गरेको छैन**, सत्य हो । आश्रयक – φ

५०. **सुख सबैको चाहना हो भन्ने** स्पष्ट छ । आश्रयक – भन्ने

५१. **फूल कति सुन्दर छ भन्ने** आँखामा निर्भर गर्छ । आश्रयक – भन्ने

माथिका उदाहरणमा श्यामाङ्कित नाम आश्रित वाक्यले मुख्य वाक्यको कर्ताको प्रकार्य गरेका छन् । कर्ता भई आउने आश्रित वाक्य मिश्र वाक्यका अग्रभागमा आएका हुन्छन् । कर्ताको प्रकार्य गर्ने नाम आश्रित वाक्य भएका वाक्यमा 'भन्ने' र शून्य आश्रयकको प्रयोग हुन्छ भन्ने उपर्युक्त उदाहरणबाट स्पष्ट हुन्छ ।

कर्मप्रकार्यक नाम आश्रित वाक्य

बहुक्रियापदीय मिश्र वाक्यमा आएका नाम आश्रित वाक्यले मुख्य वाक्यको कर्मका रूपमा काम गर्दछन्, यस्ता वाक्यलाई कर्मको भूमिका प्रदान गर्ने कार्यमा पनि आश्रयककै भूमिका रहेको हुन्छ, जस्तैः

५२. श्यामले **भोलि गीत कसले गाउँछ भनी** रामलाई सोध्यो । आश्रयक– भनी ।

५३. मैले **राम असल छ भन्ने** थाहा पाएँ । आश्रयक– भन्ने ।

५४. मैले हरिलाई **यो** भनेँ **कि गोपाल आउँदैन** । आश्रयक– यो...कि ।

५५. मैले गोपाललाई **के** भनेँ **भने श्याम भोलि विद्यालय आउँदैन** । आश्रयक– के ...भने

५६. कृषकहरू कृषिबाट खासै आम्दानी हुँदैन भन्दछन् । आश्रयक – φ

उदाहरण ५२–५६. मा आएका श्यामाङ्कित नाम आश्रित वाक्यले मुख्य वाक्यको कर्मको प्रकार्य गरेका छन् । कर्म भई आउने आश्रित वाक्य मिश्र वाक्यका मध्य स्थानमा आएका हुन्छन् । कर्मको प्रकार्य गर्ने नाम आश्रित वाक्य भएका वाक्यमा भनी, भन्ने, यो...कि, के ...भने र शून्य आश्रयकको प्रयोग हुन्छ भन्ने उपर्युक्त उदाहरणबाट स्पष्ट हुन्छ । यो...कि, के ...भने आश्रयक मुख्य वाक्यका क्रियाको अघि र पछि अएका छन् । यो नेपालीमा आश्रयक व्यवस्थाको संरचनागत वैशिष्ट्य हो । कर्मको प्रकार्य गर्ने आश्रित नाम वाक्यको प्रयोग प्रत्यक्ष कथन र अप्रत्यक्ष कथनका वाक्यमा हुने गर्दछ, जस्तै :

५७. सबै विद्यार्थीले ''**हामी सबै सफल भयौँ** ।'' भने । आश्रयक – φ (प्रत्यक्ष कथन)

५८. सबै विद्यार्थीले भने, ''**हामी सबै सफल भयौँ** ।'' आश्रयक – φ (प्रत्यक्ष कथन) –

५९. सबै विद्याथीले **के** भने **भने उनीहरू सबै सफल भए** । आश्रयक– के ...भने

६०. श्यामले भन्यो **कि ऊ सफल भयो** । आश्रयक– कि

उदाहरण ५७–६०. मा आएका श्यामाङ्कित नाम आश्रित वाक्यले मुख्य वाक्यको कर्मको प्रकार्य गरेका छन् । कर्म भई आउने आश्रित वाक्य वाक्यका मध्य स्थानमा आएका छन् । यिनीहरू स्थानान्तरित भएर अन्त्यमा प्रयोग हुन्छन् । अन्त्यमा प्रयोग हुनु चाहिँ अङ्ग्रेजी भाषाको प्रभाव हो । प्रत्यक्षकथन र अप्रत्यक्ष कथनमा आएका कर्मको प्रकार्य गर्ने नाम आश्रित वाक्य भएका वाक्यमा के ...भने, कि र शून्य आश्रयकको प्रयोग हुन्छ भन्ने उपर्युक्त उदाहरणबाट स्पष्ट हुन्छ ।

पूरकप्रकार्यक नाम आश्रित वाक्य

पूरकका रूपमा प्रयुक्त नाम आश्रित वाक्यले आश्रयकले सङ्केत गरेअनुसार मुख्य वाक्यको कर्ता र कर्मको पूरक भई आफ्नो प्रकार्य पूरा गर्दछन्, जस्तै :

६१. मेरो **के** चाहना **छ** भने **नेपाल चाँडै समृद्ध बनोस्** । आश्रयक– भने

६२. उसको भनाइ हो, **हामीहरू आजै जानुपर्छ** । आश्रयक– φ

६३. मेरो इच्छा **के** छ **भने सबै मानिसले आफ्नो कर्तव्यको पालना गरुन्** । आश्रयक– भने

६४. सुख्खाको परिणाम **यो** हुन्छ **कि मानिसहरू खान पाउँदैनन्** । आश्रयक– कि

६५. म रामलाई **असल खेलाडी हो भन्ने** ठान्दछु । आश्रयक – भन्ने

६६. म हरिलाई **के** ठान्दछु **भने ऊ एउटा असल खेलाडी हो** । आश्रयक – भने

६७. मैले श्यामलाई **तिमी अल्छी छौ** भने । आश्रयक – φ

६८. सबै उनलाई **प्रजातन्त्रका पक्षधर हुन्** भन्छन् । आश्रयक – φ

उदाहरण ६१–६८.मा आएका श्यामाङ्कित पूरक नाम आश्रित वाक्यले मुख्य वाक्यको पूरकको प्रकार्य गरेका छन् । उदाहरण ६१–६४. का वाक्यहरू कर्तपूरक आश्रित वाक्य हुन् भने ६५–६८. का वाक्यहरू कर्मपूरक

आश्रित वाक्य हुन् । पूरक भई आउने आश्रित वाक्य वाक्यका मध्य स्थानमा आएका हुन्छन् । यिनीहरू स्थानान्तरित भएर अन्त्यमा प्रयोग हुन्छन् । पूरक आश्रित वाक्य भएका वाक्यमा भने, भन्ने, कि र शून्य आश्रयकको प्रयोग हुन्छ भन्ने उपर्युक्त उदाहरणबाट स्पष्ट हुन्छ ।

विशेषण आश्रित वाक्य

बहुक्रियापदीय मिश्र वाक्यमा आएका विशेषण आश्रित वाक्यले मुख्य वाक्यभित्रका कुनै नाम वा सर्वनामको विशेषता बुझाउने कार्य गर्दछन् । मुख्य वाक्यमा प्रयुक्त उद्देश्य, कर्म, पूरक आदिको गुण, सम्बन्ध, सङ्ख्या, परिमाण आदि बुझाउने आश्रित वाक्य नै विशेषण आश्रित वाक्य हुन् । यो वाक्य नाम वा सर्वनाम भएको ठाउँमा वा अन्त कतै पनि सापेक्ष आश्रयकद्वारा मुख्य वाक्यसँग जोडिन्छ । विशेषण आश्रित वाक्यलाई मुख्य वाक्यसँग जो, जे, जुन, जस्तो, जतिआदि आश्रयकको प्रयोग हुन्छ र तिनको सहसन्दर्भित भएर दर्शक सर्वनाम आउँछन् । विशेषण आश्रित वाक्य निम्नलिखितअनुसार छन् :

कर्तृविशेषण आश्रित वाक्य

उद्देश्यको विशेषण भएर प्रयुक्त हुने आश्रित वाक्य कर्तृविशेषण आश्रित वाक्य हो । यसलाई उद्देश्यविशेषण आश्रित वाक्य पनि भन्न सकिन्छ । यस्ता वाक्यमा जो र जुन आश्रयकको प्रयोग हुन्छ र त्यसको सहसन्दर्भकका रूपमा दर्शक सर्वनामको प्रयोग हुन्छ, जस्तै :

६९. **जो त्यागी छ** त्यो पूज्य हुन्छ । आश्रयक– जो ...त्यो

७०. **जुन खेलाडी प्रथम भयो** त्यो खुसी भयो । आश्रयक– जुन ...त्यो

७१. व्यक्ति असफल हुन्छ, **जो बाठो छैन** । आश्रयक– जो

उदाहरण ६९–७१.मा आएका आश्रित वाक्य उद्देश्यको विशेषण भएर आएका छन् । यीमध्ये ६९–७०. का वाक्यमा आश्रित वाक्यहरू अग्रस्थानमा आएका छन् र यिनमा 'जो...त्यो' र 'जुन...त्यो' आश्रयकले वाक्य मिश्रणको काम गरेका छन् । उदाहरण ७१ मा भने आश्रित वाक्यहरू अन्त्य आएको छ र 'जो' आश्रयकको प्रयोग भएको छ । जो, जुन ले कर्तृविशेषण आश्रित वाक्यमा आश्रयकका रूपमा प्रयुक्त हुने स्पष्ट हुन्छ.

प्रत्यक्ष कर्म विशेषण आश्रित वाक्य

मुख्य वाक्यका प्रत्यक्ष कर्मको प्रकार्य गर्ने नापको बारेमा थप जानकारी दिने आश्रित वाक्य प्रत्यक्ष कर्म विशेषण आश्रित वाक्य हो, जस्तै :

७२. **मैले जुन पुस्तक चाहेको थिएँ** तिमी त्यही पुस्तक किन । आश्रयक– जुन ..त्यही

७३. **तिमी जसलाई उपहार दिन्छौ** म पनि त्यसलाई उपहार दिन्छु । आश्रयक– जसलाई ..त्यसलाई

७४. मैले यस्तो एउटा खेलाडी देखेँ, **जसका जुँगा ज्यादै लामा थिए** । आश्रयक– जसका...यस्तो

७५. **सरिताले जसलाई मन पराएकी थिइन्** तिनै गायकलाई वरण गरिन् । आश्रयक– जसलाई...तिनै

७६. **जसलाई तिमी बोलाउँदै छौ**, हरिले त्यसलाई बोलाउँदैछ । आश्रयक– जसलाई...त्यसलाई

७७. जनताले देशको विकास चोहका हुन्, **जुन अझै हुन सकेको छैन** । आश्रयक– जुन

७८. सबैले श्यामलाई मत दिए, **जो सबैका प्रिय थिए** । आश्रयक– जो

उदाहरण ७२–७८ का वाक्यमा आश्रित वाक्यले मुख्य वाक्यका प्रत्यक्ष कर्मको विशेषणको कार्य गरेका छन् । यीमध्ये केही वाक्यमा 'जसलाई ..त्यसलाई' जस्ता समान विभक्तिमा रहेका आश्रयक आएका छन् भने 'जो ..त्यसलाई' जस्ता भिन्न विभक्तिमा रहेका आश्रयक आएका छन् । यसो हुनुको कारण के हो भने आश्रित वाक्यमा आएको 'जो' ले उद्देश्यको कार्य गर्नु र मुख्य वाक्यमा आएको 'त्यो' शब्दका रूपले कर्मको कार्य गर्नु हो ।

अप्रत्यक्ष कर्म विशेषण आश्रित वाक्य

मुख्य वाक्यका अप्रत्यक्ष कर्मको प्रकार्य गर्ने नापको बारेमा थप जानकारी दिने आश्रित वाक्य अप्रत्यक्ष कर्म विशेषण आश्रित वाक्य हो, जस्तै :

७९. **जुन जोगी मेरो ढोकामा आउँछ** त्यसलाई भिक्षा देऊ । आश्रयक– जुन ..त्यसलाई

८०. **महेशले जसलाई कलम दियो** उनैलाई मैले किताब दिएँ। आश्रयक– जसलाई ..उनैलाई

८१. **जो देशको भलो गर्छ** त्यसैलाई जनता आफ्नो मत दिन्छन्। आश्रयक– जसलाई ..त्यसैलाई

८२. **जो गरिब थियो** मैले उसलाई पैसा दिएँ। आश्रयक– जो ..उसलाई

श्यामाङ्कित अप्रत्यक्ष कर्म विशेषण आश्रित वाक्यले आश्रयकले सङ्केत गरेअनुसार मुख्य वाक्यका अप्रत्यक्ष कर्मको विशेषता बुझाएकाले यी अप्रत्यक्ष कर्म विशेषण आश्रित वाक्य हुन्।

कर्तृपूरक विशेषण आश्रित वाक्य

मुख्य वाक्यका कर्ताको पूरकको प्रकार्य गर्ने नापको बारेमा थप जानकारी दिने आश्रित वाक्य कर्मपूरक विशेषण आश्रित उपवाक्य हो, जस्तैः

८३. त्यो विद्यालय हो, **जहाँ पठनपाठन गराइन्छ**। आश्रयक– जहाँ...त्यो

८४. रारा यस्तो ताल हो, **जो ज्यादै मनमोहक छ**। आश्रयक– जहाँ...यस्तो

८५. ऊ यस्तो गायक थियो, **जसले गाउँदा सबै ताली बजाउँथे**। आश्रयक– जसले...यस्तो

८६. यो यस्तो झोला हो, **जो सबैभन्दा महङ्गो छ**। आश्रयक– जो...यस्तो

श्यामाङ्कित कर्तृपूरक विशेषण आश्रित वाक्यले आश्रयकले सङ्केत गरेअनुसार मुख्यवाक्यका कर्तृपूरकका रूपमा प्रयुक्त विद्यालय, ताल, गायक र झोलाको विशेषता बुझाएका छन्।

कर्मपूरक विशेषण आश्रित वाक्य

मुख्य वाक्यका कर्मको पूरकको प्रकार्य गर्ने नापको बारेमा थप जानकारी दिने आश्रित वाक्य कर्मपूरक विशेषण आश्रित उपवाक्य हो, जस्तैः

८७. ठुलो कोठालाई **जस्तो चाहेको थिएँ** त्यस्तो बैठक तुल्याएँ। आश्रयक– जस्तो...यस्तो

८७. जनताले श्यामलाई **जसले देशको भलो गर्छ** त्यस्तो नेता माने। आश्रयक– जसले...त्यस्तो

८९ श्यामले हरिलाई **जसले राम्ररी पढाउन सक्छ** त्यस्तो शिक्षक सम्झ्यो। आश्रयक– जसले...यस्तो

उदाहरण ८७–८९.का श्यामाङ्कित कर्मपूरक विशेषण आश्रित वाक्यले आश्रयकले सङ्केत गरेअनुसार मुख्यवाक्यका कर्मपूरकका रूपमा प्रयुक्त बैठक, नेता र शिक्षकको विशेषता बुझाएका छन्।

क्रियाविशेषण आश्रित वाक्य

बहुक्रियापदीय मिश्र वाक्यमा आएका क्रियाविशेषण आश्रित वाक्यले मुख्य वाक्यका क्रियाको काल, स्थान, रीति आदि बुझाउने वाक्य क्रियाविशेषण आश्रित वाक्य हुन्। यिनले मिश्र वाक्यमा मुख्य वाक्यको क्रियाविशेषण सरह भई काम गर्दछन् । यस्ता क्रियाविशेषण आश्रित वाक्यहरू निम्नलिखितअनुसार छन् :

समयवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको समय बुझाउने आश्रित वाक्य समयबोधक क्रियाविशेषण आश्रित वाक्य हुन्, जस्तै :

९०. **जब विद्यार्थी राम्ररी पढ्छन्** तब परीक्षाको नतिजा राम्रो हुन्छ। आश्रयक– जब...तब

९१. **जति बेलासम्म तिमी आउँदैनौ** त्यतिबेलासम्म हामी यहीँ कुर्छौँ। आश्रयक– जतिबेला...त्यति बेला

९२. **जहिलेसम्म भन्छौँ** तहिलेसम्म म बस्छु। आश्रयक– जहिले ...तहिले

९३. **जुन बेला तिमी बोलाउँछौँ** त्यही बेला म आइपुग्छु। आश्रयक– जुन बेला ...त्यही बेला

उदाहरण ९०–९३ का आश्रित वाक्यले मुख्य वाक्यका क्रियाको समय बुझाएकाले आश्रयकले सङ्कत गरेअनुसार समयवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्।

स्थानवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको स्थान बुझाउने आश्रित वाक्य स्थानवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्, जस्तै:

९४. **हामी जहाँ भन्छौँ** उनीहरू त्यहाँ आउँछन्। आश्रयक– जहाँ ...त्यहाँ

९५. म पनि उहीँ जान्छु **तिमी जहाँ जान्छौँ**। आश्रयक– जहाँ ...उहीँ

उदाहरण ९४–९५. का आश्रित वाक्यले मुख्य वाक्यका क्रियाको स्थान बुझाएकाले स्थानवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्। स्थानवाचक आश्रित वाक्यलाई जहाँ...त्यहाँ आश्रयकको प्रयोग हुन्छ। उदाहरण ९४ मा आश्रित वाक्य अग्र स्थानमा आएको छ भने ९५ मा चाहिँ अन्त्यमा आएको छ। यसैले समयवाचक आश्रित वाक्य अन्त्यमा पनि आउन सक्छन् भन्ने स्पष्ट हुन्छ।

रीतिवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको रीति बुझाउने आश्रित वाक्य रीतिवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्। यस्ता वाक्यलाई जसरी..त्यसरी, यसरी, त्यसरी, कसरी भने जस्ता रीतिवाचक आश्रयकले जोडेका हुन्छन्।

९६.**जसरी तिमी दगुर्छौ** त्यसरी हरि पनि दगुर्छु। आश्रयक– जसरी...त्यसरी

९७. उसले मलाई यसरी बोलायो **कि मानौँ पहिला नै चिनाजानी भएको हो**। आश्रयक– यसरी ..कि मानौँ

९८.उसले त्यसरी चुरोट पिउन छोड्यो **जसरी थालेको थियो**। आश्रयक– जसरी – त्यसरी

उदाहरण ९६–९८. का आश्रित वाक्यले मुख्य वाक्यका क्रियाको रीति बुझाएकाले रीतिवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्।

परिमाणवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको मात्रा बुझाउने आश्रित वाक्य परिमाणवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्। यस्ता वाक्यलाई जति..त्यति जस्ता मात्रावाचक आश्रयकले जोडेका हुन्छन्, जस्तै :

९९. **तिमी जति भन्छौ** त्यति दिन्छु। आश्रयक– जति...त्यति

१००. **जति जति भन्यो** उति उति सड्यो। आश्रयक– जति ...उति

उदाहरण ९९–१०० का आश्रित वाक्यले मुख्य वाक्यका क्रियाको परिमाण बुझाएकाले परिमाणवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्।

सङ्केतवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको सर्तलाई सङ्केत गर्ने वाक्य सङ्केतवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्। यस्ता वाक्यमा मुख्य वाक्य कार्यका रूपमा र आश्रित वाक्य कारणका रूपमा आएका हुन्छन्, जस्तैः

१०१. **यदि स्याउ पाउँथे भने** त म खान्थे। आश्रयक– यदि...भने

१०२. **यदि म चरो हुन्थे भने** उड्थेँ। आश्रयक– यदि... भने

उदाहरण १०१–१०२९.का आश्रित वाक्यले मुख्य वाक्यका क्रियाको सर्तलाई सङ्केत गरेकाले सङ्केतवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्।

कारणवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको कारण बुझाउने वाक्य कारणवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्। यस्ता वाक्यलाई किनकि, किनभने आश्रयकले जोडेका हुन्छन्, जस्तै :

१०३. भाइ आज विद्यालय गएन **किनभने उसलाई ज्वरो आएको छ**। आश्रयक– किनभने

१०४. म रामलाई बोलाउँदिनँ, **किनकि ऊ मसँग रिसाएको** छ। आश्रयक– किनकि

१०५. अब बिजुली जाँदैन, **कारण देशमा पर्याप्त बिजुली उत्पादन भएको छ**। आश्रयक– कारण

उदाहरण १०६–०७ का वाक्यमा कार्य वा घटना बुझाउने मुख्य वाक्य वाक्यको अग्रभागमा आएका छन् भने कारण बुझाउने आश्रित वाक्य पश्च भागमा छन्। किनकि, किनभने, कारण जस्ता कारणबोधक निरपेक्ष आश्रयकद्वारा यी मुख्य वाक्यसँग जोडिएका छन्। माथिका वाक्यलाई आश्रयक विच्छेदनमा पनि राख्न सकिन्छ, जस्तै :

१०८. म हरिलाई **किन** माया गर्छु **भने ऊ चाहिँदो मात्र बोल्छ**। आश्रयक– किन....भने

१०९. श्याम **किन** दुखी छ **भने उसका बुबा दुर्घटनामा पर्नुभयो**। आश्रयक– किन....भने

व्यतिरेकवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यमा व्यक्त भएको कुरा आश्रित वाक्यमा व्यक्त अवधारणाभन्दा प्रतिकूल वा नमिल्दो भएमा व्यतिरेकवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्छ, जस्तै :

११०. **यद्यपि हामी धेरै मिहिनेत गर्छौं तापनि** कहिले काहीँ भोकै बस्नुपर्छ । आश्रयक– यद्यपि....तापनि

१११ **हुनत ऊ धेरै पढ्दैन तापनि** परीक्षामा सफल हुन्छ । आश्रयक– हुनत....तापनि

११२. **यद्यपि ऊ दिनमा केही पनि खाँदैन तैपनि** मोटोघाटो छ । आश्रयक– यद्यपि....तैपनि

उदाहरण ११०–१२ मा आएका आश्रिश्रत वाक्यले मुख्य वाक्यको अवधारणाभन्दा विपरीत धारणा बुझाएकाले व्यतिरेकवाचक क्रियाविशेषण आश्रित वाक्य हुन् ।

परिस्थितिवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको परिस्थिति बुझाउने वाक्य परिस्थितिवाचक क्रियाविशेषण आश्रित वाक्य हुन् । यस्ता वाक्यमा आश्रयकको अभाव रहन्छ, जस्तै :

११३. **हामी ओराला झर्दै थियौँ**, उनीहरू भेटिए । आश्रयक– φ

११४. **पानी पर्दै थियो**, ऊ आइपुग्यो । आश्रयक– φ

११५. **हामी पुग्छौँ त** सबै जना हिँडिसकेछन् । आश्रयक– त

११६. **ऊ टुक्रुक्क बसेको मात्र के थियो**, उसमाथि गर्लम्म छानो खस्यो । आश्रयक– मात्र

उदाहरण ११३–१६. मा आएका आश्रित वाक्यले मुख्य वाक्यक क्रियाको परिस्थिति बुझाएकाले परिस्थितिवाचक क्रियाविशेषण आश्रित वाक्य हुन् ।

प्रयोजनवाचक क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको प्रयोजन बुझाउने वाक्य प्रयोजनवाचक क्रियाविशेषण आश्रित वाक्य हुन्, जस्तै :

११७. **खाना बनाउन सजिलो होस् भनेर** प्रेसरकुकर किनेँ । आश्रयक– भनेर

११८. **नाम रहोस् भन्नाका निम्ति** भानुभक्तले कुवा खनाए । आश्रयक– भन्नाका निम्ति

उदाहरण ११७–१८.मा आएका आश्रित वाक्यले मुख्य वाक्यका क्रियाको प्रयोजन बुझाएकाले प्रयोजनवाचक क्रियाविशेषण आश्रित वाक्य हुन् ।

एकक्रियापदीय मिश्र वाक्यमा आश्रयक

आश्रित वाक्य र मुख्य वाक्यको मिश्रण हुँदा आश्रित वाक्यको क्रिया कृदन्त शब्दमा परिणत भई मुख्य वाक्यको क्रियापद मात्र अवशिष्ट रहँदा एकक्रियापदीय मिश्र वाक्यको निर्माण हुन्छ । यसर्थ परम्परागत दृष्टिमा सरल वाक्य मानिने आश्रयकको प्रयोग भएका निम्नलिखित वाक्यहरू मिश्र वाक्य हुन् :

११९. **बिहान डुल्नु** स्वास्थ्यका लागि राम्रो हो । आश्रयक – नु

१२०. मैले उसलाई **सबै साथीलाई बोलाउन** भनेँ । आश्रयक – न

१२१. **म बसेको** घर यही हो । आश्रयक – एको

१२२. राम **घर गएर** आयो । आश्रयक – एर

१२३. **उसले भनेपछि** म गएँ । आश्रयक – ए (पछि)

१२४. **मैले दिनासाथ** ऊ खुसी भयो । आश्रयक – –ना(साथ)

१२५. **मेरो भाइले सरितालाई दिएको** कलम यही हो । आश्रयक – एको

१२६. **उड्दो** चरीलाई बाण नहान । आश्रयक – दो

१२७ मैले **हरिले लेखेको** चिठी पढेँ ।

उदाहरण ११९–२७. का वाक्यमा बाहिरी स्तरमा एउटा क्रियापद र एउटा कृदन्त शब्दको प्रयोग भए तापनि आन्तरिक स्तरमा ती फरक फरक वाक्य भएकाले मिश्र वाक्य नै हुन् । सरल वाक्यहरू कृदन्तीकरण प्रक्रियाबाट आश्रित वाक्यको क्रियापद कृदन्त शब्दमा परिणत भएको मात्र हो । उपर्युक्त वाक्यमध्ये १२५–२७ का वाक्यको मिश्रण पक्रियालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१२८. मेरो भाइले सरितालाई कलम दियो । कलम यही हो $\longrightarrow$ मेरो भाइले सरितालाई दिएको कलम यही हो ।

१२९. चरी उड्दै छ । चरीलाई बाण न हान $\longrightarrow$ उड्दो चरीलाई बाण नहान ।

१३०. मैले हरिले चिठी लेख्यो चिठी पढेँ → मैले हरिले लेखेको चिठी पढेँ।

उदाहरण ११९–२७ मा दुई वाक्यहरू कृदन्तीकरण प्रक्रियाबाट बनेकाले एउटा मात्र क्रियापद प्रयोग भएको छ। त्यसैले यस्ता वाक्यहरू एकक्रियापदीय मिश्रवाक्य हुन्। नेपालीका तो, दो, तै, दै, ने, न, नु, ना, नासाथ, नेबित्तिकै, एपछि, ए, दा, दाखेरि जस्ता कत्प्रत्यय लागी बनेका र एउटा मात्र क्रियापद प्रयोग भएका वाक्यहरू एकक्रियापदीय मिश्र वाक्य हुन्। यस्ता वाक्यमा आश्रित वाक्यहरू कृदन्त शब्दमा परिणत हुने भएकाले कृदन्त शब्दले गर्ने कार्य नै आश्रित वाक्यले गर्ने कार्य हो भन्ने बुझ्नुपर्दछ। यिनमा क्रियाव्युत्पन्न शब्द रहने भएकाले वाक्यात्मक अवधारणा भने रहेको हुन्छ। वाक्यात्मक अवधारणा रहने भएकाले नै कृदन्तीकृत शब्दलाई पनि वाक्य मान्नुपरेको हो। यस्ता कृदन्तीकृत शब्दले नै आश्रित वाक्यले गर्ने कार्य अर्थात् मुख्य वाक्यको नाम, विशेषण र क्रियाविशेषणको कार्य गर्ने भएकाले यिनलाई कृदन्तीकृत आश्रित वाक्यको संज्ञा दिइएको हो। यसर्थ एकक्रियापदीय मिश्र वाक्यमा आउने आश्रित वाक्य (कृदन्त शब्द) ले नाम, विशेषण र क्रियाविशेषणको प्रकार्य गर्दछन्, जस्तैः

कृदन्तीकृत नाम आश्रित वाक्य

क्रियामा कृत्प्रत्यय 'नु' र 'एको' संयोजन भई बनेका र नाम आश्रित वाक्यको कार्य गर्ने भाषिक एकाइ कृदन्तीकृत नाम आश्रित वाक्य हुन्। कृदन्तीकृत नाम आश्रित वाक्यहरूले प्रकार्य र संरचना दुवै दृष्टिले पदकोटिको काम गर्दछन्। यस्ता वाक्यले प्रकार्यका दृष्टिले कर्ता, कर्म, कर्तृपूरक र कर्मपूरकको प्रकार्य गर्दछन् भने संरचनाका दृष्टिले नापको कार्य गर्दछन्, जस्तै :

कर्तृप्रकार्यक कृदन्तीकृत नाम आश्रित वाक्य

क्रियामा 'नु' र 'एको' प्रत्ययको संयोजन भएर बनेका नापले वाक्यात्मक अवधारणाका साथ मुख्य वाक्यको कर्ताको कार्य गर्ने वाक्य कर्ताको प्रकार्य गर्ने कृदन्तीकृत नाम आश्रित वाक्य हुन्, जस्तै :

१३१. **घुमफिर गर्नु** सफल जीवनको प्रतीक हो। आश्रयक – नु

१३२. **यो कुरा सबैले थाहा पाउनु** राम्रो होइन। आश्रयक – नु

१३३. **घर जानु** पनि अहिले सम्भव भएन। आश्रयक – नु

१३४. **बिहान डुलेको** राम्रो हो। आश्रयक – एको

१३५. **यो कुरा सबैले थाहा पाएको** राम्रो होइन। आश्रयक – एको

१३६. आजको आवश्यकता हो **देशको विकास गर्नु**। आश्रयक – नु

उदाहरण १३१–३६.का श्यामाङ्कित अंशले मुख्यको वाक्यको कर्ताको काम गरेकाले र नापको संरचनामा रहेर पनि यिनमा वाक्यात्मक अवधारणा पनि रहेकाले यिनीहरू कर्तृप्रकार्यक कृदन्तीकृत नाम आश्रित वाक्य हुन्।

कर्मप्रकार्यक कृदन्तीकृत नाम आश्रित वाक्य

क्रियामा 'नु' र 'एको' प्रत्ययको संयोजन भएर बनेका र वाक्यात्मक अवधारणाका साथ मुख्य वाक्यको कर्मको कार्य गर्ने भाषिक एकाइ कर्मप्रकार्यक कृदन्तीकृत नाम आश्रित वाक्य हुन्, जस्तै :

१३७. म **परीक्षामा मिहिनेत गरेर पढ्नु** आवश्यक ठान्दछु। आश्रयक – नु

१३८. उसले **तिमीले भनेको** बिर्सेछ। आश्रयक – एको

१३९. मैले **जेट विमान उडेको** देखेको छु। आश्रयक – एको

१४०. **अनावश्यक बोल्नुलाई** म हल्ला ठान्दछु। आश्रयक – नु

उदाहरण १३७–४०.का श्यामाङ्कित अंशले वाक्यात्मक अवधारणाका साथ मुख्य वाक्यको कर्मको काम गरेकाले यी कर्मप्रकार्यक कृदन्तीकृत नाम आश्रित वाक्य हुन्।

पूरकप्रकार्यक कृदन्तीकृत नाम आश्रित वाक्य

क्रियामा 'नु' र 'एको' प्रत्ययको संयोजन भएर बनेका र वाक्यात्मक अवधारणाका साथ मुख्य वाक्यको कर्ता र कर्मको पूरकको कार्य गर्ने भाषिक एकाइ पूरकप्रकार्यक कृदन्तीकृत नाम आश्रित वाक्य हुन्, जस्तै :

१४१. **देशको आर्थिक समृद्धिका लागि समर्पित हुनु** आजको आवश्यकता हो। आश्रयक – नु

१४२. **ध्यानपूर्वक जनतालाई सेवा दिनु** कर्मचारीको काम हो। आश्रयक – नु

१४३. हाम्रो कर्तव्य **वृद्धको सेवा गर्नु** हो । आश्रयक – नु

१४४. मैले **उसलाई आउँदै गरेको** देखेँ । आश्रयक – एको

१४५. मैले हरिलाई **गीत गाउँदै गरेको** देखेँ । आश्रयक – एको

उदाहरण १४१–४५.का श्यामाङ्कित अंशले वाक्यात्मक अवधारणाका साथ मुख्यको वाक्यको पूरकको काम गरेकाले यी पूरकप्रकार्यक कृदन्तीकृत नाम आश्रित वाक्य हुन् । यी वाक्यमध्ये १४१–४३.का वाक्यले कर्तृपूरकको प्रकार्य गरेका छन् भने १४४–४५. का वाक्यले कर्मपूरकको प्रकार्य गरेका छन् ।

कृदन्तीकृत विशेषण आश्रित वाक्य

मुख्य वाक्यका कुनै नाम वा सर्वनामको विशेषता बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेको आश्रित वाक्य कृदन्तीकृत विशेषण आश्रित वाक्य हो, जस्तै :

१४६. **मिहिनेत गर्ने** व्यक्ति सफल हुन्छ । आश्रयक – ने

१४७. **दराजमा भएको** झोला श्यामको हो । आश्रयक – एको

१४८. **काठमाडौमा बस्ने** कथाकार मेरो साथी हो । आश्रयक – ने

उदाहरण १४६–४८.का श्यामाङ्कित अंशले मुख्य वाक्यका 'व्यक्ति', 'झोला', 'मान्छे', 'राम', 'कथाकार' र 'दिनेश' यी नामको विशेषता बुझाएकाले र कृत्प्रत्ययले संयोजन गरेकाले यी कृदन्तीकृत विशेषण आश्रित वाक्य हुन् । यी वाक्यमध्ये १३६. को 'मिहिनेत गर्ने' कृदन्तीकृत आश्रित वाक्य 'जो मिहिनेत गर्छ' वाक्यबाट बनेको हो । यसैले विशेषण पदावलीका रूपमा रहे पनि वाक्यात्मक अवधारणा रहेकाले यो कृदन्तीकृत विशेषण आश्रित वाक्य हो । माथिका कृदन्तीकृत आश्रित वाक्यहरू कर्ताको विशेषण भएर आएका छन् । कतै कतै यस्ता वाक्य नामस्थानिक हुन्छन् र तिनले कर्ताकै कार्य गर्दछन्, जस्तैः

१४९. **मिहिनेत गर्ने** सफल हुन्छ । आश्रयक – ने

१५०. **ढिलो आउने** पछि पर्छ । आश्रयक – ने

उदाहरण १४९–५० कृदन्तीकृत आश्रित वाक्य विशेषण पदावलीको संरचनामा रहे पनि यी नामस्थानिक भएर आएकाले कर्ताको प्रकार्य गरेका छन् ।

यस्तै कृदन्तीकृत विशेषण आश्रित वाक्यले कर्मको विशेषता पनि जनाउँछन् र कर्मको विशेषण भएर आउने आश्रित वाक्यहरू यसप्रकार छन् :

१५१. **रमेशले बोलाएको** मान्छेलाई मैले चिनिनँ । आश्रयक – एको

१५२. श्याम **धेरै सामान अटाउने** बाकस किन्दै छ । आश्रयक – ने

१५३. तिमी **पाकेका** आँप छान्दै गर । आश्रयक – एको

उदाहरण १५१–५३.का श्यामाङ्कित अंशले मुख्य वाक्यका 'मान्छे', 'कृषक', 'बाकस', 'आँप', र 'मुनामदन' यी नामको विशेषता बुझाएकाले र कृत्प्रत्ययले संयोजन गरेकाले यी कृदन्तीकृत विशेषण आश्रित वाक्य हुन् ।

कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्य

मुख्य वाक्यमा प्रयुक्त क्रियापदको विशेषता बुझाउने कृदन्त शब्द प्रयोग भएको आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्य हो । कतिपय परम्परागत व्याकरणले यसरी बनेका वाक्यलाई विस्तारित सरल वाक्य नै मानेको भए तापनि मुख्य वाक्य र आश्रित वाक्यको संश्लिष्टताले बन्ने यस्ता वाक्यलाई मिश्र वाक्य मान्नु उपयुक्त हुन्छ । क्रियाविशेषण आश्रित वाक्यले वाक्यमा जुन जुन प्रकार्य पूरा गर्छन् त्यही प्रकार्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यले पनि गर्छन् ।

समयवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको समय बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेका आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत समयवाचक आश्रित वाक्य हुन् । समयवाचक आश्रित

वाक्यहरू क्रियामा संयोजन हुने नु, ए, उन्जेल, ने कृत्प्रत्ययले वाक्य संयोजन गरेका हुन्छन् । यिनमा समय बुझाउन भन्दा अघि, अगाडि, देखि, सम्म, साथ, उप्रान्त शब्दले सहयोग गरेका हुन्छन्, जस्तैः

१५४. **गृहकार्य गरेपछि** विद्यालय जानु राम्रो हो । आश्रयक – ए (पछि)

१५५. **विद्यालयजानुभन्दा** अघि किताबकापी झोलामा हाल्नुपर्छ । आश्रयक – नु (भन्दा)

१५६. **भाइ नआउन्जेल** बहिनी घरमै कुरिराखोस् । आश्रयक – उन्जेल

१५७. **दाइ आउनासाथ** भाइ गयो । आश्रयक – ना (साथ)

१५८. **दाइ आउँदा** म घरमै हुन्छु । आश्रयक – दा

१५९. **म गएउप्रान्त** काम गर्ने कोही हुँदैन । आश्रयक – ए (उप्रान्त)

उदाहरण १५४–१५९ का श्यामाङ्कित कृदन्तीकृत अंशले मुख्य वाक्यको क्रियाको समय बुझाएकाले कृदन्तीकृत आश्रित वाक्यअन्तर्गत समयवाचक आश्रित वाक्य हुन् ।

स्थानवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको ठाउँ वा दिशा बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेको आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत स्थानवाचक आश्रित वाक्य हुन् । स्थानवाचक आश्रित वाक्यमा क्रियामा संयोजन हुने ए, एको कृत्प्रत्यले वाक्य संयोजन गरेका हुन्छन् । यिनमा स्थान बुझाउन तिर, तर्फ शब्दले सहयोग गरेका हुन्छन्, जस्तै :

१६०. हरि पनि **श्याम गएतिर** गएको हो । आश्रयक – ए (तिर)

१६१. भाइ **म भएतर्फ** आयो । । आश्रयक – ए (तर्फ)

उदाहरण १६०–६१. मा मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको ठाउँ वा दिशा बुझाएकाले स्थानवाचक आश्रित वाक्य हुन् ।

परिमाणवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको परिमाण बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेको आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत परिमाणवाचक आश्रित वाक्य हुन् । क्रियामा संयोजन हुने 'ए' कृत्प्रत्ययले वाक्य संयोजन गरेका हुन्छन् । यिनमा परिमाण बुझाउन जति शब्दले सहयोग गरेको हुन्छ, जस्तैः

१६२ तिमी **उसले मागे जति** देऊ । आश्रयक – ए (जति)

१६३. मैले स्याउका बोट **तिमीले रोपे जति** रोपेको छु । आश्रयक – ए (जति)

उदाहरण १६२–६३. मा मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको परिमाण बुझाएकाले कृदन्तीकृत परिमाणवाचक आश्रित वाक्य हुन् ।

रीतिवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाको रीति बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेको आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत रीतिवाचक आश्रित वाक्य हुन् । यस्ता वाक्यलाई ए, ई. एर, दै कृत्प्रत्ययले वाक्य संयोजन गरेका हुन्छन् । यिनमा परिमाण बुझाउन जस्तै, जसरी, बमोजिम, झैँ शब्दले सहयोग गरेका हुन्छन् ।

१६४. हरि **दिनेशले गाए जसरी** गाउन सक्छ । आश्रयक – ए (जसरी)

१६५ **हरिले जस्तै हात हल्लाएर** राम कुरा गर्छ । आश्रयक – एर

१६६ **तिमीले भनेबमोजिम** काम भएको छैन । आश्रयक – ए (बमोजिम)

१६७. **श्यामले पौडी खेलेझैँ** म पनि खेल्न सक्छु । आश्रयक – ए (झैँ)

१६८. गीता **गीत गाउँदै** नाच्छे । आश्रयक – दै

उदाहरण १६४–६८ मा श्यामाङ्कित अंशले मुख्य वाक्यका क्रियाको रीति बुझाएकाले यी कृदन्तीकृत रीतिवाचक आश्रित वाक्य हुन् ।

सङ्केतवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको सर्त बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेका आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत सङ्कतवाचक आश्रित वाक्य हुन् । क्रियामा संयोजन हुने 'ए' कृत्प्रत्ययले वाक्य संयोजन गरेका हुन्छन्, जस्तै :

१६९. **हिउँ परे** चिसो हुन्छ । आश्रयक – ए

१७०. **बादल लागे** पानी पर्छ । आश्रयक – ए

उदाहरण १६९–७०.मा श्यामाङ्कित अंशले मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको कारण सङ्केत गरेकाले यी कृदन्तीकृत सङ्केतवाचक आश्रित वाक्य हुन् ।

कारणवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको कारण बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेका आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत कारणवाचक आश्रित वाक्य हुन् । क्रियामा संयोजन हुने नु, दा, एको प्रत्ययले वाक्य संयोजन गरेका हुन्छन्, जस्तै :

१७१. बजार नजानाले सामान ल्याउन पाइएन । आश्रयक – नु (ले)

१७२. **वार्षिक परीक्षामा अनुत्तीर्ण भएकाले** ऊ निराश छ । आश्रयक – एको (ले)

१७३. **परीक्षामा प्रथम हुँदा** भाइले पुरस्कार पायो । आश्रयक – दा

१७४. **बुवाले कमाएको हुँदा** छोरालाई सजिलो भयो । आश्रयक – एको (हुँदा)

उदाहरण १७१–७४. मा श्यामाङ्कित अंशले मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको कारण बुझाएकाले यी सङ्केतवाचक कृदन्तीकृत आश्रित वाक्य हुन् । कृदन्त शब्दमा 'बाट' विभक्तिको संयोजनबाट पनि यस्ता वाक्य बनेको देखिन्छ, जस्तैः

१७५. **भाइ बिरामी भएबाट** उसको मुख निन्याउरो देखिन्छ । आश्रयक – ए (बाट)

१७६. **काम गर्न नसकेबाट** उसले जागिर छोड्यो । आश्रयक – ए (बाट)

व्यतिरेकवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यसँग व्यतिरेक वा भिन्नता बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेका आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत व्यतिरेकवाचक आश्रित वाक्य हुन् । क्रियामा संयोजन हुने एर, ए, दा प्रत्ययले वाक्यसंयोजन गरेका हुन्छन् । यिनमा वैपरीत्य बुझाउन पनि र तापनि शब्दले सहयोग गरेका हुन्छन्, जस्तै :

१७७. **श्याम मिहिनेती भए पनि** परीक्षामा उत्तीर्ण हुँदैन । आश्रयक – ए (पनि)

१७८. **हरि बलियो भएर पनि** कातर छ । आश्रयक – एर (पनि)

१७९. उसले **खाना खाँदा पनि** गीत गाइरहेको छ । आश्रयक – दा (पनि)

उदाहरण १७७–७९ मा श्यामाङ्कित अंशले मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको व्यतिरेक बुझाएकाले यी सङ्केतवाचक कृदन्तीकृत आश्रित वाक्य हुन् ।

परिस्थितिवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको परिस्थिति बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेका आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत परिस्थितिवाचक आश्रित वाक्य हुन् । क्रियामा संयोजन हुने दा, एको, दै प्रत्ययले वाक्य संयोजन गरेका हुन्छन् । यिनमा परिस्थिति बुझाउन खेरि, मा, कन, आदि शब्दले सहयोग गरेका हुन्छन्, जस्तै :

१८०. **बिस वर्ष अघि मैले देख्दा** ऊ सानै थियो । आश्रयक – दा

१८१. ऊ **बोल्दाखेरि** असाध्य हात हल्लाउँछ । आश्रयक – दा (खेरि)

१८२. **श्यामलाई एक्कासि बजारमा भेटेकामा** हरि दङ्ग पऱ्यो । आश्रयक – एको (मा)

१८३. **बाहिरी पहिरन मूल्यवान् लगाउँदैमा** मान्छे विद्वान् हुँदैनन् । आश्रयक – दै (मा)

उदाहरण १८०–८३.मा श्यामाङ्कित अंशले मुख्य वाक्यका क्रियाको परिस्थिति बुझाएकाले यी परिस्थितिवाचक कृदन्तीकृत आश्रित वाक्य हुन् । तात्कालिक परिस्थिति बुझाउने कृदन्तीकृत आश्रित वाक्यमा कृदन्तीकृत शब्द द्वित्व भई पहिलोमा दा/ता र पछिल्लोमा दै/तै जस्ता कृदन्त आउँछन्, जस्तै :

१८४. **हामीले हेर्दाहेर्दै** बाढीले तीन जनालाई बगायो । आश्रयक – दा,दै

१८५. **समाचार हेर्दाहेर्दै** निद्रा लागेछ । आश्रयक – दा,दै

१८६. **म घर पुग्दानपुग्दै** साँझ परिसकेछ । आश्रयक – दा,दै

१८७. **हिँड्दाहिँड्दै** खुट्टामा फोका उठेछ । आश्रयक – दा,दै

प्रयोजनवाचक कृदन्तीकृत आश्रित वाक्य

मुख्य वाक्यका क्रियाले सम्पन्न गरेको कार्यको प्रयोजन बुझाउने र कृत्प्रत्यय आश्रयकका रूपमा रहेका आश्रित वाक्य कृदन्तीकृत क्रियाविशेषण आश्रित वाक्यअन्तर्गत प्रयोजनवाचक आश्रित वाक्य हुन् । क्रियामा संयोजन हुने दा, एको, दै प्रत्ययले वाक्य संयोजन गरेका हुन्छन् । क्रियामा संयोजन हुने न, एर, नु प्रत्ययले वाक्य संयोजन गरेका हुन्छन् । यिनमा प्रयोजन वा उद्देश्य बुझाउन खेरि, मा, कन आदि शब्दले सहयोग गरेका हुन्छन् ।

१८८. धेरै युवा **पैसा कमाउन** विदेश गए । आश्रयक –न

१८९. **पैसा कमाउँछु भनेर** ऊ व्यापार गर्न थाल्यो । आश्रयक –एर

उदाहरण १८८–८९ मा श्यामाङ्कित अंशले मुख्य वाक्यका क्रियाको प्रयोजन बुझाएकाले यी परिस्थितिवाचक कृदन्तीकृत आश्रित वाक्य हुन् ।

एकभन्दा बढी कृदन्तीकृत आश्रित वाक्य भएका मिश्र वाक्य

नेपालीमा माथिका कृदन्तीकृत आश्रित वाक्यमध्ये एउटै वाक्यमा एकभन्दा धेरै मिश्र वाक्य आउन सक्छन्, जस्तै :

१९०. **सधैँ कृषि गर्ने**$_1$ गोपालले **थप पैसा कमाउने**$_2$ **इच्छा गरी**$_3$ व्यापार गर्न थाल्यो ।

१९१. **वातावरण स्वच्छ राख्न**$_1$ **हामी सरसफाइमा जुटेपछि**$_2$ गाउँका अरू मानिस पनि आए ।

१९२. **नियमित पौष्टिक खाना खाए पनि**$_1$ **दुब्लाएकाले**$_2$ **परीक्षण गराउने**३ उद्देश्यले हरि अस्पताल गयो ।

उदाहरण १९०. मा तीनओटा कृदन्तीकृत आश्रित वाक्य छन् । यीमध्ये आश्रित वाक्य ‘सधैँ कृषि गर्ने’ ले मुख्य वाक्यको उद्देश्य ‘दिनेश’ को विशेषणको कार्य, ‘थप पैसा कमाउने’ कृदन्तीकृत आश्रित वाक्यले पनि ‘इच्छा’ का विशेषण र ‘इच्छा गरी’ मुख्य वाक्य ‘दिनेश व्यापार गर्न थाल्यो’ को क्रियाविशेषणको प्रकार्य गरेका छन् । कृदन्त शब्दको जुन शब्दवर्ग छ आश्रित वाक्यले पनि त्यही प्रकार्य गरेको हुन्छ । यस्तै उदाहरण १९१. मा दुईओटा कृदन्तीकृत आश्रित वाक्य, १९२ तीनओटा आश्रित वाक्य रहेका छन् । यी आश्रित वाक्यहरू एक एक सरल वाक्य हुन् । प्रत्येक सरल वाक्यहरू मिश्र वाक्य बन्दा संश्लिष्ट भएर आश्रितमा परिणत भएका छन् । सरल वाक्य संश्लिष्ट भएर मिश्र वाक्य बन्ने प्रक्रिया तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २ : सश्लिष्ट वाक्यमा आश्रयकको प्रयोग

सरल वाक्य →	संश्लिष्ट वाक्य	संश्लेषणको प्रक्रिया
(क) गोपालले कृषि गर्थ्यो । (ख) म थप पैसा कमाउँछु । (ग) गोपालले इच्छा गऱ्यो । (घ) गोपालले व्यापार गर्न थाल्यो ।	सधैँ कृषि गर्ने$_1$ दिनेशले थप पैसा कमाउने$_2$ इच्छा गरी$_3$ व्यापार गर्न थाल्यो ।	गर्थ्यो → गर्ने कमाउँछ → कमाउने गऱ्यो → गरी म → φ (समान कर्ता लोप) दिनेशले → φ (समानपद लोप)

(क) वातावरण स्वच्छ राखौँ। (ख) यस उद्देश्यले हामी सरसफाइमा जुट्यौँ। (ग) यसपछि गाउँका सबै मानिस आए	वातावरण स्वच्छ राख्न१ हामी सरसफाइमा जुट्नेबित्तिकै२ गाउँका अरू मानिस पनि आए।	राखौँ → राख्न यस उद्देश्यले → φ जुट्यौँ → जुट्नेबित्तिकै गऱ्यो → गरी
(क) हरि नियमित पौष्टिक खाना खान्थ्यो। (ख) हरि दुब्लायो। (ग) म परीक्षण गराउँछु। (घ) यस उद्देश्यले हरि अस्पताल गयो।	नियमित पौष्टिक खाना खाए पनि१ दुब्लाएकाले परीक्षण गराउने उद्देश्यले२ श्याम अस्पताल गयो।	खान्थ्यो → खाए φ → पनि स्थापन दुब्लायो → दुब्लाएकाले म → φ गराउँछु → गराउने यस → φ

यसरी एकभन्दा बढी सरल वाक्यलाई आश्रयक स्थापन गरेर एउटा वाक्य बनाउने प्रक्रिया वाक्यसंश्लेषण हो। एकभन्दा बढी सरल वाक्यको संश्लेषण गर्दा मिश्र, संयुक्त वा मिलित जुनसुकै वाक्य बन्न सक्छन्। माथिका उदाहरणमा चाहिँ दुईभन्दा बढी सरल वाक्यको संश्लेषण भएर मिश्र वाक्यको निर्माण भएको छ। सरल वाक्यलाई मिश्र वाक्यमा संश्लेषण गर्दा एउटा क्रियापदलाई समापक अवस्थामै राखी अन्य क्रियापदलाई कृदन्त बनाएर वा त्यसपछि आश्रयक राखेर वाक्यसंश्लेषण गरिन्छ। संश्लेषण गर्ने क्रियामा नु, तो, दो, ने, न आदि आश्रयक (कृत्प्रत्यय)को संयोजन भएर समापक क्रियापदहरू कृदन्त शब्दमा परिवर्तित भएका छन् र दोहोरिएका पदको लोप भएको छ। यसरी नेपालीमा संश्लिष्ट वाक्यको निर्माणमा आश्रयकको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ।

निष्कर्ष

रूपान्तरण व्याकरणअनुसार एकभन्दा बढी वाक्यको संयोजन हुँदा एउटा वाक्यलाई स्वतन्त्र वाक्यका रूपमा छोडी अन्य वाक्यलाई आश्रित बनाउने भाषिक एकाइ आश्रयक हुन्। एउटा स्वतन्त्र वाक्यलाई आश्रित बनाउने तिनलाई ना, विप, क्रिविप पदकोटिका रूपमा परिणत गराउने कार्य आश्रयकको हो। मिश्र वाक्यअन्तर्गत मुख्य वाक्य एउटै मात्र हुन्छ भने आश्रित वाक्य चाहिँ एक वा सोभन्दा बढी हुन सक्छन्। कतिपय वाक्यमा आश्रयक संरचनाको अभाव हुँदा अल्पविरामले पनि आश्रयकको कार्य गरेका हुन्छन्। यस्ता आश्रयकलाई φ चिह्नले सङ्केत गरेको हुन्छ। आश्रित वाक्य बनाउने कार्यमा आश्रयककै भूमिका रहेकाले आश्रयकको प्रयोगका आधारमा नेपाली मिश्र वाक्यको वर्गीकरण गर्न सकिन्छ। नेपालीमा आश्रयकको प्रयोगका आधारमा मिश्र वाक्यलाई बुहक्रियापदीय मिश्र वाक्य र एकक्रियापदीय मिश्र वाक्य गरी दुई प्रकारमा वर्गीकरण गर्नुपर्ने हुन्छ। बहुक्रियापदीय मिश्र वाक्यमा भन्ने, भनी, भने, कि, कि...यो, के..भने, जो...त्यो, जब...तब, जुन...त्यो, जुन...त्यही, जसलाई...त्यसलाई, जसलाई ...उनैलाई, जहाँ...त्यो, जहाँ...यस्तो, जतिबेला...त्यतिबेला, जहिले...तहिले, जुनबेला...त्यही बेला, जसरी ...त्यसरी, यसरी...कि मानौँ, जति...त्यति, जति...उति, यदि..भने, किनकि, किनभने, कारण, किन...भने, इद्यपि..तापिन, हुनत ...तापनि, मात्र, त, यद्यपि, तापनि, भनेर, भन्नाका निम्ति आश्रयक प्रयुक्त हुन्छन्। नेपालीमा यो...कि, के ...भने जस्ता केही आश्रयक मुख्य वाक्यका क्रियाको अघि र पछि प्रयुक्त हुन्छन्। यो नेपाली आश्रयक व्यवस्थाको संरचनागत वैशिष्ट्य हो। बहुक्रियापदीय मिश्र वाक्यअन्तर्गत आएका आश्रित वाक्यले कर्ता, कर्म र पूरकको प्रकार्य गर्ने नाम आश्रित वाक्य, कर्तृविशेषण, प्रत्यक्ष कर्म विशेषण, अप्रत्यक्ष कर्म विशेषण, कर्तृपूरक विशेषण र कर्मपूरक विशेषणको प्रकार्य गर्ने विशेषण आश्रित आश्रित वाक्य, मुख्य वाक्यको क्रियाको विशेषता बुझाउने क्रियाविशेषण आश्रित वाक्य हुन्छन्। एकक्रियापदीय मिश्र वाक्यमा नु, न एका, दो, दै, इन्जेल , उन्जेल, इन्जेल, ए(पछि), ना(साथ),

ने, नु(भन्दा), उन्जेल), (उप्रान्त), ए(तिर), ए(तर्फ), ए(जति), ए(जसरी), ए(बमोजिम), ए(झैँ) एको (ले), एको(हुँदा) ए (बाट), दा, दा..दै, दा(खेरि) दै (मा) आश्रयक प्रयुक्त हुन्छन् । एकक्रियापदीय मिश्र वाक्यअन्तर्गत आएका नाम आश्रित वाक्यले कर्ता, कर्म र पूरक, विशेषण आश्रित वाक्यले कर्तृविशेषण, प्रत्यक्ष कर्म विशेषण, अप्रत्यक्ष कर्म विशेषण, कर्तृपूरक विशेषण र कर्मपूरक विशेषण र क्रियाविशेषण आश्रित वाक्यले क्रियाविशेषणको प्रकार्य गर्दछन् । यसरी रूपान्तरण व्याकरणले उल्लेख गरेका भन्ने कि, भनी, भनेर जस्ता आश्रयकका साथै सापेक्ष संयोजक र कृत्प्रत्ययले पनि आश्रयकको कार्य गर्ने भएकाले आश्रयक व्यवस्थाका दृष्टिले नेपाली भाषा विशिष्ट रहेको देखिन्छ ।

सन्दर्भ सामग्रीसूची

गौतम, देवीप्रसाद (२०५३), *नेपालीमा पदावली व्यवस्था*, (अप्रकाशित विद्यावारिधिशोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

चौलागाईं, प्रेमप्रसाद(२०६८), *नेपालीमा क्रियापदावली*, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

चौलागाईं, प्रेमप्रसाद (२०६८), *नेपालीमा वाक्यव्यवस्था*, (अप्र. अनुसन्धान प्रतिवेदन), नेपाल प्रज्ञाप्रतिष्ठान ।

पोखरेल माधवप्रसाद (२०५४), *नेपाली वाक्य व्याकरण*, एकता बुक्स ।

शर्मा, मोहन राज (२०३६), *शब्दरचना र वर्ण विन्यासः भाषावैज्ञानिक पद्धति*, पाठ्यक्रम विकास केन्द्र ।

Baker, C.L. (1989), *English Syntax,* Cambridge and Massachusetts : The MIT Press.

Bandhu, Churamani (1978). *Relativization in Nepali*, [Ph. D. diss., Tribhuvan University].

Chomsky, N. (1973). *Conditions on Transformations.* In S. R. Anderson & P. Kiparsky (Eds.), *A Festschrift for Morris Halle* (pp. 232–286). Holt, Rinehart and Winston.

Chomsky, N. (1981), *Lectures on Government and Binding.* Dordrecht :Foris Publication.

Culicover, P. W. (1976), *Syntax*, Academic Press.